| निर्णय संख्या :- ००१ |
|---|
| मिति :- २०७९/०२/२३ |

आज मिति २०७९ जेष्ठ २३ गते यस बुलिङटार गाउँपालिकाका अध्यक्ष श्री दिपेन्द्र सुनारीको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

<u>कार्यपालिका सदस्यहरु</u>

| क्र सं. | नाम थर | पद | ठेगाना | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिपेन्द्र सुनारी | अध्यक्ष | बुलिङटार १ | | |
| २ | दिलमाया राना | उपाध्यक्ष | बुलिङटार ५ | | |
| ३ | दिल बहादुर सुर्यवंशी | वडा अध्यक्ष वडा नं १ | बुलिङटार १ | | |
| ४ | कमल राज बकावल मगर | वडा अध्यक्ष वडा नं २ | बुलिङटार २ | | |
| ५ | विष्णु विर जर्घा मगर | वडा अध्यक्ष वडा नं ३ | बुलिङटार ३ | | |
| ६ | मिन बहादुर आले | वडा अध्यक्ष वडा नं ४ | बुलिङटार ४ | | |
| ७ | विजय थापा | वडा अध्यक्ष वडा नं ५ | बुलिङटार ५ | | |
| ८ | मोहन राज पाठक | वडा अध्यक्ष वडा नं ६ | बुलिङटार ६ | | |
| ९ | थमिसरा विश्वकर्मा | महिला सदस्य | बुलिङटार १ | | |
| १० | ज्यू माया बाचे मगर | महिला सदस्य | बुलिङटार २ | | |
| ११ | सुनिता वि क | महिला सदस्य | बुलिङटार ३ | | |
| १२ | पवित्रा सारु | महिला सदस्य | बुलिङटार ४ | पवित्रा | |
| १३ | केशर बहादुर कुमाल | दलित वा अल्पसंख्यक सदस्य | बुलिङटार ३ | | |
| १४ | दुर्गा बहादुर कुमाल | दलित वा अल्पसंख्यक सदस्य | बुलिङटार ६ | | |
| १५ | सिताराम खनाल | नि. प्रमुख प्रशासकिय अधिकृत | स्याङ्जा | | |

अन्य उपस्थितिः

१. सागर भट्टराई सूचना प्रविधि अधिकृत

**प्रस्ताव नं. १**

उज्यालो पालिका निर्माण गर्ने सम्बन्धमा।

**निर्णय नं १**

प्रस्ताव नं १ मा छलफल गर्दा बुलिङटार गाउँपालिकाको विभिन्न स्थानहरुमा हालसम्म पनि राष्ट्रिय विद्युत प्रशारण लाईन जोड्न बाँकी रहेका क्षेत्रहरुमा विद्युत जडान कार्यलाई सबै पक्षहरुले सहयोग गरी यथाशिघ्र विद्युत सेवा उपलब्ध गराउन पहल गर्ने निर्णय गरीयो।

**प्रस्ताव नं. २**

जेष्ठ, अशक्त र अपाङ्गलाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने सम्बन्धमा।

**निर्णय नं २**

प्रस्ताव नं. २ मा छलफल गर्दा बुलिङटार गाउँपालिका भित्रका सम्पूर्ण जेष्ठ नागरिक, अशक्त तथा अपाङ्ग नागरिकहरुलाई घर-घरमा गई निशुल्क स्वास्थ्य परिक्षण गरी स्वास्थ्य उपचारको लागि आवश्यक स्वास्थ्य परामर्श सेवा उपलब्ध गराउने निर्णय गरीयो।

**प्रस्ताव नं. ३**

आ व २०७९/०८०को बजेटको विषयमा जानकारी गराउने सम्बन्धमा।

**निर्णय नं ३**

प्रस्ताव नं ३ मा छलफल गर्दा बुलिङटार गाउँपालिकामा आ व २०७९/०८०को लागि संघीय सरकार र प्रदेश सरकारबाट तपसिल बमोजिमको राजश्व बाडँफाँड, समानिकरण, सशर्त र विशेष अनुदान मार्फत प्राप्त अनुदान रकम जानकारी गराउने निर्णय गरीयो।

तपसिलः

| क्र.सं. | निकाय | राजश्व बाँडफाँड अनुदान | समानिकरण अनुदान | सशर्त अनुदान | विशेष अनुदान |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | ८४४६८००० | ९३५००००० | २२६६००००० | ९२००००० |
| २ | प्रदेश सरकार | ५२०५००० | १०३०५००० | | |

**प्रस्ताव नं. ४**

रगत आवश्यक पर्ने बिरामीको उपचार सम्बन्धमा।

**निर्णय नं ४**

प्रस्ताव नं ४ मा छलफल गर्दा बुलिङटार गाउँपालिका भित्र स्थायी बसोबास गर्ने कुनै पनि नागरिकले नेपाल भित्रका कुनै पनि अस्पतालमा उपचार गर्दा प्रयोग भएको रगतको प्राविधिक खर्च सम्बन्धित ब्लड पोइन्ट युनिट खर्चबापतको रकम सोको प्रमाणित कागजात प्राप्त भएपछि गाउँपालिकाले भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं. ५**

कक्षा १-५ सम्म अंग्रेजी माध्यमको पाठ्य पुस्तक सम्बन्धमा।

**निर्णय नं ५**

प्रस्ताव नं ५ मा छलफल गर्दा बुलिङटार गाउँपालिका अन्तर्गत कक्षा १-५ संचालन रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई आवश्यक पर्ने अंग्रेजी पाठ्यपुस्तकको खर्च गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ६**

अभिभावक विहिन (आमा, बाबु नभएको) बालबालिकाको अध्ययन खर्च सम्बन्धमा।

**निर्णय नं ६**

प्रस्ताव नं ६ मा छलफल गर्दा बुलिङटार गाउँपालिका भित्र रहेका अभिभावक विहिन (आमा, बाबु नभएको) बालबालिकाको हकमा सो सम्बन्धी कार्यविधि निर्माण गरी कार्यविधी अनुरुप अध्ययन खर्च उपलब्ध गराउने निर्णय गरीयो।

**प्रस्ताव नं. ७**

भुक्तानी दिने सम्बन्धमा।

**निर्णय नं ७**

प्रस्ताव नं ७ मा छलफल गर्दा आ व २०७७/०७८ मा कार्य सम्पन्न भई विविध कारणले भुक्तानी हुन बाकी तपसिलका योजनाहरुको रकम आ व २०७८/०७९मा तपसिलका योजनाहरुमा विनियोजित रकमबाट भुक्तानी दिने निर्णय गरीयो।

तपसिलः

| क्र.सं. | भुक्तानी दिने योजनाको नाम | भुक्तानी दिन बाकी रकम | हाल भुक्तानी दिने शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | शिव मा वि अंग्रेजी पाठ्यपुस्तक खरिद | १६०००० | पोषाक | |
| २ | जिवनज्योती सामाजिक विकास मञ्च | ८१२०१ | पोषाक | |

**प्रस्ताव नं. ८**

योजना छनौट गरी सञ्चालन गर्ने सम्बन्धमा।

**निर्णय नं ८**

प्रस्ताव नं ८ मा छलफल गर्दा आ.ब. ०७८/८९ मा प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट संञ्चालन हुने गरि तपसिलका योजनाहरु छनौट गर्ने निर्णय गरीयो।

तपसिलः

१ बुलिङटार वृहत खानेपानी आयोजना - रु. ४००००

२ भलायटार सिचाई मर्मत आयोजना - रु. १०००००

३ बुलिङटार सिचाई मर्मत आयोजना क - रु. २०००००

४ रम्भाडाँडा मन्दिर जाने बाटो - रु. ३०००००

**प्रस्ताव नं. ९**

**औषधी खरिद सम्बन्धमा।**

**निर्णय नं ९**

प्रस्ताव नं ९ मा छलफल गर्दा बुलिङटार गाउँपालिका कार्यालयबाट आ व ०७८/०७९ मा स्वास्थ्य संस्थाको लागि आवश्यक पर्ने औषधीहरु खरिदका लागि राष्ट्रिय नागरिक दैनिक पत्रिकामा सूचना प्रकासित गरि बोलपत्र आव्हानबाट सारभूत रुपमा न्युनतम दररेट कायम गर्ने कम्पनी / सप्लायर्स क्यान्डेला मेडि कन्सर्न, कलङ्की-१४, काठमाण्डौबाट खरिद गरिएको औषधीहरु सकिसकेको र स्वास्थ्य सस्थाबाट विभिन्न मितिमा माग भए अनुरुप आवश्यक औषधीहरु खरिद गर्नका लागि आवश्यक प्रक्रिया पुरा गर्न समय अभाव रहने तथा वर्षातले गर्दा यातायात अवरुद्ध हुनसक्ने परिस्थितिलाई मध्येनजर गर्दै सोहि कम्पनीबाट सोहि दरभाउमा नबढ्ने गरी आवश्यक औषधीहरु खरिद गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरीयो।

बुलिङटार गाउँपालिका